का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ५८
❑ २७ चैत्र २०७६, बिहीबार
❑ 9 April 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ९ जना | १ जना | २३३६ | १३५ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १४ लाख ५० हजार | तीन लाख १० हजार | ८३ हजार | १० लाख ५२ हजार |



**सुनसान तर, चिटिक्क:** कोरोना महामारी रोकथामका लागि सरकारले गएको चैत ११ गतेदेखि देशव्यापी लकडाउनको घोषणा गरेको छ । यो अवधिमा घर बाहिर ननिस्कन सरकारले आग्रह गरिरहेकाले राजधानी उपत्यका शहर सुनसान छ । तर, यसैबेला राजधानी सिगार्ने क्रम पनि तीव्र पारिएको छ । *तस्वीर: रासस*

# सेनाले लेख्यो पत्र

**सरकारले कोरोना महामारी विरुद्ध स्वास्थ्य सामग्री खरीद गर्ने जिम्मेवारी दिएपछि नेपाली सेनाले चीन, दक्षिण कोरिया, सिंगापुर, इजरायल र भारतलाई पत्राचार गरेको छ । सेनाले पठाएको पत्र परराष्ट्र मन्त्रालयले सम्बन्धित देशलाई पठाइदिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि ओम्नी कम्पनीसँग सवा अर्व बराबरको स्वास्थ्य सामग्री खरीद गर्ने सम्झौता रद्ध गरेको छ । पहिलो चरणमा २८ करोड बराबरीको सामग्री ल्याएपछि विरोध भयो । निर्धारित भन्दा बढी मूल्यमा सामग्री खरीद गरिएको र बिक्री मूल्य पनि उच्च भएपछि तीव्र विरोध भएको थियो । यसपछि सरकारले गएको चैत १७ गते ओम्नीसँगको सम्झौता रद्ध गरेको छ ।

ओम्नीले ल्याएको सामग्री भने प्रयोग गर्दै सरकारले नेपाली सेनासँग सामग्री खरीदका लागि नयाँ सम्झौता गरेको छ । नयाँ सम्झौताअनुसार, प्रक्रिया समेत अगाडि बढाइएको सैनिक प्रवक्ता विज्ञानदेव पाण्डेले बताए । सेनाले पाँच वटा देशलाई पत्राचार गरेको छ । भारत, चीन, दक्षिण कोरिया, सिंगापुर र इजरायलाई पत्राचार गरेको छ । सेनाले पठाएको पत्र परराष्ट्र मन्त्रालयले सम्बन्धित देशलाई पठाउने काम समेत गरिसकेको प्रवक्ता पाण्डेले बताए । मंगलबार परराष्ट्र मन्त्रालयले पत्र सम्बन्धित देशलाई पठाइसकेको छ ।

सैनिक स्रोतका अनुसार, कोरोना महामारी रोकथामका लागि आवश्यक स्वास्थ्य सामग्रीको सूची बनाएर पाँच देशलाई पठाइएको छ । यसको जवाफका आधारमा खरीद प्रक्रिया शुरु हुने नेपाली सेनाले जनाएको छ ।

यी पाँच देशमा रहेका सैनिक सहचारी मार्फत पनि स्वास्थ्य सामग्री खरीदका लागि पहल बढाइएको स्रोतले जनाएको छ । तर, मागे जति सामग्री पाउने संभावना भने न्यून रहेको बताइएको छ । किनभने, भारत सरकारले स्वास्थ्य सामग्री निर्यातमा प्रतिबन्ध लगाइ सकेको छ । दक्षिण कोरियामा कोरोना भाइरसको संक्रमण देखिने संकेत पछि मागे जति स्वास्थ्य सामग्री पठाउने संभावना कम छ । तर, सेनाले भने आफूले पाएको जिम्मेवारी अनुसार, स्वास्थ्य सामग्री ल्याउने दावी गरेको छ ।

यसअगाडि सरकारले पनि चीनसँग जीटूजी गरेर सामग्री ल्याउने जनाएको थियो । तर, यसबारे अपेक्षित बाँकी पृष्ठ २ मा



डोटीका नौ वटा स्थानीय तहले निर्माण गरेका १२ क्वारेन्टाइनमा राखिएका भारतबाट काम गरी आएका नागरिकको स्वाब सङ्कलन गर्न खटिएका चिकित्सक तथा सांसद प्रेमबहादुर आलेमगरले प्रदान गरेको स्वास्थ्य सामग्री लिएर डोटी पुगेको हेलिकोप्टर ।

## नमूना परीक्षणको क्षमता बिस्तार




काठमाडौं/मस- प्रदेश र जिल्लास्तरबाट माग बढेसँगै सरकारले कोरोना भाइरसको नमूना परीक्षणको क्षमता विस्तार गरी दोब्बर बनाउने भएको छ । हाल दैनिक मुलुकभर रहेका १० प्रयोगशाला (ल्याब) मा गरी तीन हजारको सङ्ख्यामा परीक्षण गर्ने क्षमता रहेकामा प्रदेशस्तरमा प्रयोगशालाको जडान, स्तरोन्नति तथा मेशिन थप गरी क्षमता विस्तार हुन लागेको हो ।

हाल सरकारी स्वामित्वका स्वास्थ्य संस्थामा २५ र निजी संस्थासँग रहेका १५ रियल टाइम पोलिमरेज चेन्ज रियाक्शन (पिसिआर) मेशिनलाई ठाउँठाउँमा सेट गरी परीक्षणको दायरा बढाउन लागिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका जनस्वास्थ्य सल्लाहकार डा खेम कार्कीले जानकारी दिए । बुधबारसम्म काठमाडौँमा एक हजार नौ सय ६५ र काठमाडौँ बाहिर ४०१ गरी कूल दुई हजार तीन सय ६६ को परीक्षण भएकामा नौ जनामा सङ्क्रमण भएको पुष्टि भएको छ ।

मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाका अनुसार बुधबारसम्म १८० नमूना परीक्षण भइरहेका छन् भने करीब आठ हजार व्यक्ति क्वारेन्टाइनमा रहेका छन् । उनले हाल धनगढी, पोखरा र नेपालगञ्जमा ठूला पिसिआर मेशिन जडान भइरहेका जानकारी दिए । सरकारको बाँकी पृष्ठ २ मा

## खुशी लिएर फर्किनेहरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

छिमेकी मुलुक भारत र खाडी लगायतका मुलुकबाट आउने नागरिकलाई सरकारले क्वारेन्टिनमा बस्न आग्रह गरेको छ । संघीय सरकारको निर्णयअनुसार, प्रदेश तथा स्थानीय सरकारले विदेशबाट आउनेको निगरानी गर्दै क्वारेन्टिनमा राखिरहेका छन् । सप्तरीका जनप्रतिनिधि र स्थानीय प्रशासनले पनि विदेशबाट फर्किएकाहरुलाई क्वारेन्टिमा राखिरहेको छ ।

बुधबार भने स्वास्थ्य निगरानीसहित क्वारेन्टाइनमा रहेकाहरु १४ दिन पछि खुशिसाथ घर फर्किएका छन् । कसैलाई पनि क्वारेन्टिन नदेखिए पछि ३७ जना खुशीसाथ घर फर्किएका हुन् । कोरोना भाइरस सङ्क्रमणको कुनै लक्षण नदेखिएकाले दुई साताको बसाइपछि उनीहरूलाई बिदाइ गरियो । राजविराज नगरपालिका-२ स्थित साइकृष्ण मेडिकल कलेज एण्ड हस्पिटलबाट एक महिला र नौ पुरुष, कञ्चनरूप नगरपालिका-८ स्थित सर्वोदय माविबाट १० पुरुष, विष्णुपुर गाउँपालिका-७ स्थित जनता मावि विष्णुपुर कट्टीबाट नौ पुरुष तथा छिन्नमस्ता गाउँपालिका-३ स्थित चौरसिया धर्मशालाबाट एक महिला र सात पुरुष घर फर्किएका हुन् ।

स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवले १४ दिनको स्वास्थ्य निगरानीपछि सकुशल घर फर्किएकाहरूलाई तत्काल घरमै सुरक्षित बस्न निर्देशन दिई आफन्तको जिम्मा लगाएर घर पठाइएको बताए ।

मजदुरीका लागि भारत, मलेशिया, कतार, साउदी अरब लगायत विभिन्न देश गएका उनीहरू नेपाल फर्किएपछि क्वारेन्टिनमा राखिएको थियो । अहिले क्वारेन्टाइनमा १४ पुरुष थपिएका छन् । महादेवा गाउँपालिका-३ स्थित मावि बथनाहामा छ, सुरुङ्गा नगरपालिका-५ स्थित मसिलाल मावि कुशहामा चार, राजगढ गाउँपालिका-३ स्थित जसमावि नर्घोमा तीन र अग्नीसाइर कृष्णसवरण बाँकी पृष्ठ २ मा

# ११ दिन पछि उठ्यो शव

**मध्यान्ह संवाददाता**
बुटवल, २६ चैत्र

बुटवलको कोरोना विशेष अस्थायी अस्पतालमा उपचारको क्रममा मृत्यु भएका बाबुराम थापाको शव ११ दिन उठाउन परिवार राजी भएका छन् । परिवारले बाबुरामको उपचारमा चिकित्सकले लापरबाही भएको भन्दै उचित क्षतिपूर्तिसहित लापरबाही गर्ने चिकित्सकलाई कारबाहीको माग गर्दै १० दिनयता शव बुझ्न अस्वीकार गरेको थियो । बुधबार प्रदेश ५ को समाजिक विकास मन्त्रालयमा बसेको सर्वपक्षीय बैठकबाट परिवारका सदस्यको माग सम्बोधन गर्ने सहमति जुटेसँगै बाबुरामको शव उठाउन परिवार राजी भएका हुन् ।

स्थानीय तहसँग समन्वय गरेर पाल्पाली समाज रुपन्देहीले ५ लाख ५० हजार, थापा समाजले १ लाख, टण्डन समाज १ लाख, विभिन्न व्यक्तिहरूबाट ४१ हजार राहत उपलब्ध गराउने सहमति भएको प्रदेश सरकारले जनाएको छ ।त्यसैगरी, श्रीमतिलाई रीता थापालाई सैनामैना नगरपालिकाले रोजगार दिने, २ छोरालाई उच्च शिक्षा निःशुल्क प्रदेश सरकारले पढाउने सम्झौतासहित आईसोलेसनमा मृत्यु भएका बाबुराम थापाको शब उठ्ने भएको हो ।उनलाई कोरोना भाइरसको संक्रमण भइएको आशंका गरिएको थियो । तर, उनको नमुनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको थियो ।

थापा दुबईबाट फर्किंदा नै ज्वरोसहित आएका थिए । उनी चैत्र ६ मा नेपाल फर्किका थिए । बुटवलको कोरोना विशेष अस्पतालका फोकल पर्सन डा. सुदर्शन थापाले युएईबाट आउँदा नै उनलाई सामान्य ज्वरो आएको र ७ गते स्थानीय मेडिकलबाट ज्वरोको औषधि ल्याएर खाएको तर पनि निको नभएपछि मात्र अस्पताल आएको जानकारी दिए । डा.थापाका अनुसार उनी १३ गते साँझ अस्पताल भर्ना भएका थिए । तर, अस्पताल भर्ना भएको चौथो दिन मात्र उनको थ्रोट स्वाबको नमुना संकलन गरेर काठमाडौं पठाइएको थियो ।

स्वाब संकलन बाँकी पृष्ठ २ मा

## आईएलओको आंकलन

# सवा अर्बको रोजगारीमा असर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले विश्वभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) को संक्रमणका कारण सवा अर्ब मानिसको तलब तथा काम गर्ने समयमा कटौती भई रोजगारी गुमाउन सक्ने आंकलन गरेको छ । त्यसमा अमेरिकाको रोजगारीमा ४३ प्रतिशतले कमी आउन सक्ने उल्लेख छ । नेपाली कामदारहरुले पाइरहेको खाडी तथा मलेसिया र जापान समेत रहेको एशिया प्यासिक क्षेत्र बढी जोखिमपूर्ण अवस्थामा देखिएको छ ।

विशेषगरी होटल लगायत सेवा, खाद्य उत्पादन तथा उद्योग लगायतका क्षेत्रमा धेरै रोजगारी गुम्ने आंकलन छ । कृषि क्षेत्रको रोजगारीमा भने ठूलो असर नपर्ने आंकलन गरिएको छ । आगामी जुनसम्मको अवस्थाका बारेमा गरेको अध्ययनमा आईएलओले सबैभन्दा धेरै रोजगारी गुमाउने क्षेत्रका अमेरिकासँगै खाडी क्षेत्रलाई पनि औंल्याएको छ ।

आईएलओले मंगलबार सार्वजनिक गरेको प्रतिवेदन कामदारले रोजगारी गुमाउने प्रकृति र तरीका फरक-फरक रहेका छन् । कसैले पाइरहेको काम भन्दा एक तह तलको काम पाउने छन्, कसैले कार्य घण्टामा कटौती गर्नुपर्ने छ भने कतिपयले पाइरहेका सुविधा त्याग्नुपर्ने छन् । त्यस्तै कतिपयले ढिलोगरी तलव सुविधा पाउने छन् ।

यी सबै सूचकांकहरु जोड्दा कोरोना भाइरस संक्रमण अघि कार्यरत मध्ये करिब ५० लाख कामदारले पूर्ण समय काम गर्ने बराबरको रोजगारी गुमाउने छन् । यसमा नेपाली कामदारहरुको पनि हिस्सा पर्नेछ ।

खाडी र अमेरिकापछि युरोपका कामदारले रोजगारी गुमाउने आईएलओको आंकलन छ । हालको आंकलन अनुसार यूरोपमा करिब ८ प्रतिशत अर्थात १ करोड २२ कामदारले रोजगारी गुमाउने छन् । अफ्रिकामा भने २६ प्रतिशतले रोजगारी गुमाउने आंकलन गरिएको छ ।

रोजगारीमा हुने यो कटौतीले निम्न र मध्यम आय भएका मुलुकहरुका कामदारलाई नकारात्मक असर बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## साउदीमा ३ नेपाली निको भए

काठमाडौं/मस- साउदी अरबमा कोरोनाको संक्रमण भएका ४ जना नेपाली नमध्ये ३ जना निको भइ काममा फर्किएका छन् । उनीहरुलंग निरन्तर नेपाली राजदूतावासको सम्पर्कमा रहिरहेको दूतावासले जनाएको छ । थप नेपालीहरुमा संक्रमण भएको जानकारी प्राप्त नभएको पनि दूतावासले उल्लेख गरेको छ ।

साउदी अधिकारीहरुले जारी गरेको तथ्यांक अनुसार साउदी अधिराज्यमा हालसम्म कोरोना भाइरसबाट संक्रमितको संख्या २ हजार ९३२ पुगेको छ । बुधबार थप १३७ जनामा संक्रमण भएको छ । कूल संक्रमितहरु मध्ये हालसम्म ४१ जनाको मृत्यु भइसकेको छ भन् ६३१ जना निको भएका छन् ।

साउदी स्वास्थ्य मन्त्री तफीज अरवाहले कोरोना नियन्त्रणको प्रयासमा सबैको साथ सहयोग भएमा मात्र सरकार सफल हुने र संक्रमित हुनेहरुको संख्या घट्ने उल्लेख गर्दै सरकारका प्रयासहरुमा सहयोग गर्न सबैलाई अनुरोध गरेका छन् । उनले हामी सबै उत्तरदायी छौं भन्ने नारालाई आत्मसात गर्न पनि सबैलाई अनुरोध बाँकी पृष्ठ २ मा

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरोनाको अनुसन्धान नेपालमा पनि हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

विश्वभरी महामारीको रुप लिएको कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी अनुसन्धान नेपालमा पनि हुने भएको छ । नेपालमा कोरोनाको संक्रमण बढ्दै गएपछि त्रिभुवन विश्वविद्यालयले अनुसन्धान अगाडि बढाउने प्रक्रिया थालेको हो । कोरोना प्रभावित देशहरूमा कोरोना भाइरसको अनुसन्धान विश्वविद्यालयहरुबाट भइरहेको छ । नेपालमा त्यस किसिमको कुनै अनुसन्धान नहुँदा नेपालको आलोचना सुरु भएको थियो । जसकारण त्रिभुवन विश्वविद्यालयले अनुसन्धान अगाडि बढाएको जनाएको छ । नेपालमा ११ वटा विश्वविद्यालय भएपनि कुनै विश्वविद्यालयले अनुसन्धान गर्न अग्रसरता देखाएको थिएन ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बाँस्कोटाले अनुसन्धानका लागि निर्देशन दिएको बताएका छन् । राष्ट्रिय प्रयोगशाला टेकुसँग मिलेर त्रिविले अनुसन्धानको काम अगाडि बढाएको उनले जानकारी दिए । उनले भने,




'अहिले त्रिविको माइक्रोबायोलोजी, बायोटेक, बायोम्याटेरियल र फिजिक्स विभागलाई हामीले रिसर्चको प्रपोजल बनाउन निर्देशन दिएका छौं । त्यहीअनुसार काम भइरहेको छ ।'

नेपालमा भित्रिएको कोरोनाको शक्तिको विषय अनुसन्धान हुने उनले जनाए । उपकुलपति बाँस्कोटाले भने'चीन, भारत, युरोप, अमेरिकालगायतका देशमा देखिएको कोरोना र नेपालमा देखिएको कोरोनाको शक्ति एउटै छ छैन ? कतै रूप बदलिएर आएको हो होइन, ती विषयमा अध्ययन गर्छौं । तर, रिसर्च महँगो हुन्छ ।

अर्थतन्त्र बलियो भयो भने रिसर्च राम्रो हुने हो । सबै रिसर्चको प्रतिफल आउँछ भन्ने पनि हुँदैन । लगानीको आवश्यक छ । अनुसन्धानका लागि कतैबाट लगानी जुटाउन सकिन्छ कि भनेर खोजिरहेका पनि छौं ।'

तर, त्रिभुवन विश्वविद्यालयका डीन रामप्रसाद खतिवडाले सरकारसँग समन्वय नभएको बताउँछन् । उनले भने, 'नेपालका विश्वविद्यालयले पनि सुरूमै अनुसन्धान गर्नुपर्ने हो । केही ढिला भएको छ । तर पनि सुरू गरेका छौं । यो विषय डाक्टरले मात्र गर्ने भन्ने बुझिन्छ । तर, उपचार डाक्टरले गर्ने हो । यदि टिचिङमा राम्रो ल्याब बनाउन सकिएको भए अनुसन्धानमा सहज हुन्थ्यो ।'

विश्वविद्यालयका अनुसार त्रिविसँग तत्कालका लागि डाइग्नोसिस गर्न सक्ने सामग्री छन् । उनका अनुसार दुईवटा ल्याब छन् । जसमा रियल टाइम पीसीआर मेसिन, भर्टेक्स मेसिन, क्याबिनेट छ । यदि कोरोना भाइरसको स्याम्पल पाउने हो भने त्रिविले परीक्षण सुरू गर्छ ।

माइक्रोबायोलोजी विभागका प्रमुखडा. मेघराज बन्जाराका अनुसार अनुसन्धानका लागि थुप्रै प्रश्नहरू उब्जिएका छन् । उनले भने, 'बच्चामा इन्फेक्सन कम देखिएको छ । किन कम देखियो ? गर्भवती महिला र इम्युनिटी पावर कम भएकामा बढी देखिएको छ, किन यस्तो भयो ? नेपालमा ९ वटा केस भेटियो । जसमा एउटा निको भयो । अरूको पनि स्वास्थ्य अवस्था राम्रो छ । कोरोना भाइरस भए पनि स्वस्थ हुनुको कारण के हो ?'

उनका अनुसार कोरोना भाइरस भएर पनि ८० प्रतिशतमा साइन्स एन्ड सिस्टममा देखिँदैन भनिएको छ । 'नेपालमा इन्फेक्सन नै नभएको हो कि इन्फेक्सन भएर पनि त्यही ८० प्रतिशतमा परेका छौं । नेपालीको जेनेटिक्स के हो ?' उनले भने 'इम्युनोलोजी, रेसिडेन्ट स्ट्याटस कस्तो छ ? केले हामीलाई प्रोटेक्सन गरिरहेको छ ? भाइरलको अवस्था कस्तो छ ? वन्यजन्तुमा पनि भेटिएको छ । वन्यजन्तुमा भेटिएको के हो ?'

# अग्रवाल सात दिन हिरासतमा

**काठमाडौं/मस–** कालोबजारीको आरोपमा पक्राउ परेका शंकर ग्रुपका सञ्चालक सुलभ अग्रवाललाई एक साता हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ । महानगरीय प्रहरी अपराध महाशाखाले बुधबार अग्रवाललाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएको थियो ।

महाशाखाको माग अनुसार प्रशासन कार्यालयले अनुसन्धानका लागि सात दिन हिरासतमा राख्न अनुमति दिएको अपराध महाशाखाका प्रमुख एसएसपी सहकुल थापाले जानकारी दिए । प्रहरीले अग्रवाललाई






कालोबजारी ऐन २०३२ अनुसार कार्वाही अगाडी बढाएको छ । उक्त ऐनमा दोषि देखिए पाँच वर्ष सम्म कैद वा जरिवाना वा दुवै हुन सक्ने व्यवस्था छ ।

ज्वरो नाप्ने थर्मल गन महंगो मुल्यमा बेचेको भन्दै उनलाई प्रहरीले मंगलबार पक्राउ गरेको थियो । पाँच हजार रुपैयाँ मुल्य पर्ने थर्मल गन १५ हजारमा बिक्री गर्न खोजेको भन्दै उनलाई प्रहरीले प्रक्राउ गरेको हो ।

# मुस्लिमले बाँडे अलपत्र गैर मुस्लिमलाई राहत

**इमरान खान/मध्यान्ह**
नेपालगञ्ज, २६ चैत

नेपालगञ्ज बाहिरबाट आएर नेपालगञ्जमा दैनिक मजदुरी गर्दै आएका कारकादौंमा अलपत्र अतिबिपन्न गरीब मजदुर नेपाली नागरिकहरूमा खाद्यान्न लगायतका राहत समग्री नेपालगञ्ज मुस्लिम समाजको तर्फबाट राधा कृष्ण मन्दिर कारकादौंका पुजारीहरु मार्फत वितरण गरिएको छ ।



उक्त ठाउँको नजिक धार्मिक स्थलहरु तथा टोलहरुमा सेनिटाइजर समेत छरकिएको छ । मुस्लिम अगुवा समाजसेवी मुन्ना मंसुरी, मेराज अहमद हिमालय, सारीक अलीको सहभागितामा राहत समग्री वितरण गरिएको हो । उनले मुस्लिम समुदायको महानपर्व शबे बरातको शुभकामना दिँदै मुस्लिम समुदायलाई सम्पुर्ण इबादत उपासना प्रार्थना आ-आफनै घरमा रहि पर्व मनाउन अनुरोध सहित नेपालबाट कोरोना भाइरसको समाप्तिका लागि र यसबाट ग्रसित बिमारीहरूको स्वास्थ्यलाभका लागि अल्लाह पाकसँग बिहीबार शबे बरातको रात प्रार्थना गरिदिन समेत नेपाली मुस्लिम समुदायसँग अपील गरे ।

# प्रधानमन्त्रीलाई गगनका ११ प्रश्न

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सांसद गगन थापाले प्रधानमन्त्री केपी शर्मा ओलीको मंगलबारको सम्बोधनको प्रतिवाद गर्दै थप जिज्ञासा राखेका छन् । प्रधानमन्त्रीसँग जिज्ञासा राख्ने अन्य विकल्प नभएकाले सामाजिक सञ्जाललाई उपयोग गरेको थापाको भनाइ छ ।

प्रधानमन्त्रीले देशवासीलाई गरेको सम्बोधनकै आधारमा रहेर कांग्रेस नेता थापाले ११ प्रश्न उठाएका छन् । र्‍यापिड टेस्टको गुणस्तर र तयारीका बारेमा विज्ञको चिन्ता प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएका छन् । कन्ट्याक्ट ट्रेसिङको लागि प्रणाली, तथ्यांक र संयन्त्रको अवस्था बारे जिज्ञासा राखेका छन् ।

उनले देशभर ३० हजार क्वारेन्टाइन बनेको र नौ हजार मात्रै प्रयोगमा आएको प्रधानमन्त्री ओलीको सम्बोधनकै आधारमा सीमापारीबाट आएकालाई क्वारेन्टाइनमा राख्न सकिने विकल्प देखाएका छन् । सीमामा अड्किएका तीन हजार नागरिकलाई सुरक्षा र क्वारेन्टाइनमा राख्ने व्यवस्था



किन नगर्ने भन्दै उनले प्रश्न उठाएका छन् । 'मसँग पनि यो संवादका लागि सामाजिक सञ्जाल बाहेक अन्य माध्यम रहेन । सम्बोधनले केही जिज्ञासा उत्पन्न भएका छन् । जसलाई म संसदकै प्रश्नोत्तर शैलीमा राख्ने प्रयास गर्नेछु,' थापाले भनेका छन्, 'प्रतिकूल स्वास्थ्यका बाबजुद यो संकटको घडीमा देश विदेशमा छरिएर, सीमामा अड्किएर कष्टकर जीवन बाँचिरहेका नेपाली दाजुभाइ दिदीबहिनीलाई ढिलै भए पनि ढाढस दिलाउने तपाईंको आत्मविश्वास प्रशंसनीय छ । तपाईंको सम्बोधन संसदको रोष्टमबाट हुन सकेको भए सायद मैले पनि त्यहीँबाट थप केही कुराहरु स्पष्ट पारिदिन आग्रह गर्ने थिएँ ।'

सातै प्रदेशमा आवश्यकीय सुरक्षा सामग्री पठाएको अभिव्यक्ति दिएपनि अग्रभागमा रहेर कार्य गर्ने सुरक्षाकर्मीको जोखिम उत्तिकै रहेको थापाले ध्यानाकर्षण गराए । जनशक्ति, उपकरण, औषधी र पूर्वाधारको कहाँ के प्रवन्ध गरिएको छ भनदै उनले प्रधानमन्त्रीसँग जिज्ञासा राखेका छन् । प्रधानमन्त्रीले कृषि कार्यलाई निरन्तरता दिने भनी दिइएको उपाय, तरिका र अवलम्बन गरिने विधि स्पष्ट नभएको उनले जनाए ।

स्वास्थ्य सामग्री खरिदमा सेनालाई अघि सारिएकोमा नागरिकले गरेको चिन्ता र आक्रोशलाई आधारहीन र प्रायोजित मात्रै हुन् ? भन्दै प्रश्न राखेका छन् । राज्यसँग जवाफदेहिताको अपेक्षा राख्ने नागरिकलाई जीवन र वैयक्तिक स्वततन्त्रताबीच एक रोज्ने गरेको प्रधानमन्त्रीको आग्रहप्रति आपत्ति जनाए । प्रधानमन्त्रीलाई थापाको प्रतिप्रश्न छ- 'के वैयक्तिक स्वतन्त्रता बिनाको जीवन कल्पना गर्न सकिएला ?'

# नुवाकोटमा केसी मेमोरियल ट्रष्टद्वारा सुरक्षा सामग्री वितरण




**नुवाकोट/मस–** यशोदादेवी भगवानसिंह केसी मेमोरियल ट्रस्टले कोरोना उपचारमा संलग्न स्वास्थ्यकर्मीका लागि सुरक्षा सामग्री उपलब्ध गराएको छ । ट्रस्टले बुधबार नुवाकोटका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, जिल्ला समन्वय समिति प्रमुख सन्तमान तमाङलगायतको उपस्थितिमा नुवाकोट जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सागर पी. घिमिरे र त्रिशूली अस्पतालका प्रमुख डा. रेमकुमार राईलाई उक्त सामग्री हस्तान्तरण गरेको हो । ट्रष्टका प्रमुख संरक्षक अर्जुननरसिंह केसीको उपस्थितिमा ट्रस्टका अध्यक्ष डा. केदारनरसिंह केसी र महासचिव जगदीश्वर नरसिंह केसीले ८८ वटा पिपिई, ६ लय थान ग्लोब, ५ हजार पिस सर्जिकल मास्क र एक हजार दुईसय थान स्यानिटाइजर उपलब्ध गराएका हुन् । जिल्लाका सबै वडामा रहेका अस्पताल, प्राथमिक, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उप स्वास्थ्य चौकी, सबै गाउँपालिकाहरु र २ नगरपालिकालाई ४/४ सयका दरले माक्स र प्रत्येक स्वास्थ्य चौकीमा कम्तिमा एक-एक वटा पुग्ने गरी पिपिई र अन्य सामग्री उपलब्ध गराइएको ट्रस्टका महासचिव जगदिश्वर नरसिंह केसीले जानकारी दिए ।

यसैगरी ट्रष्टले बुधबार नै कोरोना नियन्त्रणका लागि फ्रन्ट लाइनमा रहेर काम गर्ने प्रहरी र सशस्त्र प्रहरी तथा नेपाल पत्रकार महासंघ मार्फत पत्रकारहरू र नेपाल ट्रेड युनियन कांग्रेसमार्फत मजदुरहरूलाई पनि मास्क र स्यानिटाइजर उपलब्ध गराएको छ । सो अवसरमा पिपिई खरिद गर्न सहयोग गर्ने हाल क्यालिफोर्नियामा रहेका धनन्जय नरसिंह केसी र मदानपुर निवासी कृष्ण पाण्डेवाई ट्रष्टले धन्यवाद ज्ञापन गरेको छ ।

## सेनाले...

प्रगति नभएपछि सरकारले निजी कम्पनी ओम्नीलाई स्वास्थ्य सामग्री ल्याउने जिम्मेवारी दिएको थियो । तर, महँगो सामग्री र कोरोना परीक्षण गर्ने किट भने विश्व स्वास्थ्य संगठनले नै गुणस्तरमा प्रश्न उठाएपछि सम्झौता तोडिएको छ । यद्यपी, तिनै किटको माध्यमबाट सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर तथा छिमेकी प्रदेशको बाग्लुङमा प्रयोग गर्न थालिएको छ । विश्वव्यापी महामारी बनेको कोरोनाबाट १४ लाख ५० हजार बढी संक्रमित भइसकेका छन् भने ८३ हजारको मृत्यु भइसकेको छ । तर, निको भएका बिरामी भने तीन लाख मात्रै छ ।

छिमेकी देश चीनको वुहान शहरबाट फैलिएको कोरोना महामारीबाट नेपालमा नौ जना संक्रमित देखिएका छन् भने एक जना निको भएका छन् । सरकारले टेकु बाहेक सातै प्रदेशबाट कोरोना परीक्षणको व्यवस्था गरेको छ ।

## नमूना...

निर्णयअनुसार काठमाडौंबाहिरका १० ठाउँमा परीक्षण सञ्चालन भइरहेको र ती स्थानबाहेक थप नयाँ ठाउँमा मेशिन सेटअप गर्न स्वास्थ्य मन्त्रालयको प्याथोलोजी सल्लाहकार समितिले अध्ययन गरिरहेको छ ।

यही चैत १० गतेको स्वास्थ्य मन्त्रिस्तरको निर्णयबाट डा गुणराज लोहनीको संयोजकत्वमा १० सदस्यीय सल्लाहकार समिति गठन गरिएको थियो । सो समितिले ल्याबहरुको स्थापना, प्रोटोकल निर्माण, जनशक्ति व्यवस्थापन र सामानको गुणस्तरबारे नियमित अध्ययन र परामर्श गर्दै आएको छ । सो समितिका सदस्य एवं नेपाल स्वास्थ्य व्यवसायी परिषद्का रजिष्ट्रार पुष्पराज खनालले नेपालभित्रै रहेका र प्रयोगमा नआएका पिसिआर मेशिनलाई प्रयोग गराउँदै परीक्षणको दायरा बढाउन सकिने स्पष्ट भएको राससलाई बताए । यी ल्याबहरु अब दीर्घकालका लागि स्थापित हुनेछन् ।

स्वास्थ्यमन्त्री भानुभक्त ढकालको निर्देशनानुसार यी सेटअप भएका ल्याबहरु भविष्यमा यस्ता कुनै पनि भाइरलको परीक्षणका लागि काठमाडौंमा नमूना पठाइरहन पर्ने पद्धतिको अन्त्य गराउन त्यहीँ परीक्षण गराउन नियमित सञ्चालनका लागि बजेटको प्रबन्धमा मन्त्रालय जुटेको छ । बर्ड फ्लुको प्रकोप फैलिएका बेला सञ्चालन गरिएका कृषि तथा भेटेरिनरीमा रहेका प्रयोगविहीन मेशिनलाई प्रयोग गर्नेबारे शुरुमा अन्योल तथा ढिलै भए पनि आफूहरु प्रयोगमा ल्याउन सफल भएको खनालले बताउनुभयो ।

उक्त मेशिनको रु ५० लाखसम्म मूल्य पर्ने र प्रयोगशाला सेटअपका लागि रु चार देखि पाँच करोडसम्म लाग्छ । प्रयोगशालामा एकजनाको नमूना एकपटकको परीक्षणका लागि रु १३ हजार ५०० पर्छ । कोरोना भाइरसको नमूना परीक्षणको सम्पूर्ण खर्च सरकारले व्यहोर्दै आएको छ । निजी क्षेत्रका अस्पताललाई परीक्षण गर्न दिइएमा शुल्क उठाउन सक्ने र बिरामीले तिर्न नसक्ने भएकाले सरकारले आफैं जिम्मा लिएको हो ।

हाल चालू पिसिआरमा स्वाब परीक्षण र र्‍यापिड डाइग्नोष्टिक किटबाट रगत परीक्षण दुवै विधिबाट परीक्षणको दायरा बढाउन लागिएको हो । प्रयोगशाला स्थापनाका लागि रि एजेन्ट, बायोसेफ्टी क्याबिनेट (बिएसएलटु), ल्याब सेटअपको पूर्वाधार आवश्यक पर्छ । हाल केन्द्रीय प्रयोगशालाका रुपमा काठमाडौंमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला रहेको छ भने सात प्रदेशका सातसहित वीर अस्पताल, धुलिखेल अस्पताल, चितवन अस्पतालमा नमूना परीक्षणका लागि ल्याब सञ्चालन भइरहेको छ ।

सुर्खेत र बुटवलबाहेक ती स्थानमा हाल दैनिक ३०० जनाको नमूना परीक्षण गर्न सकिन्छ । तर क्वारेन्टाइन र अन्य स्थानबाट भाइरसको आशङ्का गरिएका व्यक्तिको स्वाबको नमूना पर्याप्त नआएकाले ल्याबको क्षमतानुसार परीक्षण हुन नसकेको सदस्य खनालले जनाउनुभयो । ती १० स्थानका प्रयोगशालामा केन्द्रबाट दुई दुई जना जनस्वास्थ्य विज्ञ पठाई जनशक्तिलाई प्रशिक्षित गरी काम शुरु भएको छ । एक प्रयोगशाला २४ घण्टा सञ्चालनका लागि कम्तीमा २० जना जनशक्ति र २० थान व्यक्तिगत सुरक्षा कवच (पिपिई) आवश्यक पर्छ । भाइरल भएका बिरामीको सङ्क्रमण नसरोस् भनी प्रयोग गरिने पिपिई एकपटक प्रयोग गरेपछि पुनः प्रयोग गर्न मिल्दैन ।

मन्त्रालयले स्वाबको नमूना सङ्कलन गरी ल्याउन १० हजार भाइरल ट्रान्सपोर्ट मेडियम (भिटिएम) विभिन्न जिल्लामा पठाइसकेको छ तर, हालसम्म दुई हजार २०० स्वाबको नमूना मात्र ल्याबमा आएको छ । ल्याबमा परीक्षणका लागि ल्याब वैज्ञानिकको आवश्यकता पर्नेमा हाल यस्तो जनशक्ति नेपालमा करीब १०० जना रहेको जनाइएको छ । यी जनशक्तिमध्ये अनुभवी र विज्ञले अन्यलाई तालीम दिएर पनि ल्याब सञ्चालन गर्न सकिने वीर अस्पतालका जेनेटिक वैज्ञानिक बलराम गौतमले बताए । उनले परीक्षण कार्यमा रहनेहरु जोखिम मोलेर सङ्क्रमणको परीक्षण र रोकथाममा लागिपरेकाले कुनै पनि सूचना प्रवाह गर्दा आधिकारिकता र विश्वसनीयता हुनु आफूहरुका लागि पनि अत्यावश्यक भएको जनाए ।

काठमाडौंबाहिर गरिएको पहिलो परीक्षणलाई केन्द्रीय प्रयोगशालमा पुनः दोस्रो परीक्षण पनि गरिँदै आएको छ । सङ्क्रमित मध्ये एकजना उपचारपछि घर फिर्ता भएका छन् भने आठ जना उपचारत छन् । भाइरसको प्रकोप फैलन नदिन सरकारले आगामी वैशाख ३ गतेसम्म बन्दाबन्दी (लकडाउन) जारी गरेको छ ।

## खुशी...

गाउँपालिका-१ स्थित जनचेतना मावि घोघिदाहामा एक पुरुष क्वारेन्टाइनमा थपिएका हुन् । अब क्वारेन्टाइनमा सात महिला र २२० पुरुष रहेका छन् ।

कोरोना सङ्क्रमणको आशङ्कामा सप्तरीको राजविराजस्थित आइसोलेसनमा भर्ना भएकी एक महिलाको स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएपछि उनलाई पनि घर फर्काइएको छ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायणसिंह अस्पतालको आइसोलेसनमा बसेकी कञ्चनरूप नगरपालिका-११ गोरपारकी महिलाको रिपोर्ट नेगेटिभ आएको र ज्वरोलगायत अन्य स्वास्थ्य समस्या नरहेपछि घर फर्काइएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेण्ट डा चुमनलाल दासले जानकारी दिए ।

कोरोनाको लक्षण नभेटिएको र परिवारका सदस्यहरूसँग लामो समयपछि भेंट हुने दोहोरो खुशी लिएर घर फर्किएको कञ्चनरूपकी लीलादेवी खड्गले बताए ।

## ११ दिन...

गर्ने सामग्री भिटिएम (भाइरल ट्रान्सपोर्ट मिडिया) अभाव हुनुका साथै विमान सेवा बन्द भएका कारण एक जनाको मात्र नमुना संकलन गरेर पठाउन समस्या भएकोले स्वाब पठाउन ढिलाई भएको थियो । कोरोना विशेष अस्पतालका अनुसार आइसोलेसन वार्डमा भर्ना भएका उनको अवस्था ठिकै थियो । तर, एक्कासी श्वासप्रश्वासमा समस्या आएको त्यसपछि उनको निधन भएको थियो ।

## आईएलओको...

पर्ने आईएलओको अनुमान छ । विश्वस्तरमा बढ्ने बेरोजगारी समस्याले आगामी दिनमा अकल्पनीय आर्थिक, सामाजिक तथा राजनीतिक उथलपुथल तथा विद्रोह समेत जन्माउने आईएलओको अनुमान छ ।

गतवर्ष नोभेम्बरमा चीनको वुहानबाट शुरु भएको कोरोना संक्रमणको अन्त्य कसरी र कहिले हुन्छ भन्ने एकीन नभएका कारण हालको प्रक्षेपण पनि परिवर्तन भई स्थिति थप नकारात्मक बन्न सक्ने कतिपय अर्थशास्त्रीहरको आंकलन रहेको छ ।

## साउदीमा...

गरेको साउदी सरकारी समाचार एजेन्सीले जनाएको छ ।

केहि अध्ययन र सिफारिसहरुलाई उल्लेख गर्दै उनले सर्वसाधारणको सहयोग नभएमा साउदी अरबमा आउँदा केही हप्तामा कोरोना भाइरसको संक्रमण भयावह हुने र १० हजार देखि २ लाख जनामा यो संक्रमण फैलन सक्ने चेतावनी दिँदै सहयोगको अनुरोध गरेका हुन् । नेपाली दूतावासले पनि साउदी सरकारको कोरोना बिरुद्धको प्रयासमा पूर्णरुपमा साथ दिन आग्रह गरेको छ ।

दूतावासद्वारा साउदीमा कार्यरत नेपालीहरुलाई विदेशी नागरिकहरुसँग काम गर्दा, हिँडडुल, उठवस वा बजार गर्दा पूर्ण सावधानीका साथ गर्न , एक अर्काबीच दुरी कायम गर्न र कुनै पनि व्यक्ति वा सरसामानलाई अनावश्यक छुने वा स्पर्श गर्ने कार्य नगर्न सचेत गराइएको दूतावासका श्रम काउन्सिलर जीवन राईले जानकारी दिए ।

**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन**

**बोलपत्र सूचनाको म्याद थप गरिएको बारे**

**मिति २०७६/१२/२७**

उपरोक्त विषयमा यस कार्यालयबाट मिति २०७६।११।२९ गते मध्यान्ह राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचनाको म्याद हाल मुलुकमा उत्पन्न विषम परिस्थितिले गर्दा, बोलपत्रको सबै शर्तहरु यथावत रहनेगरी बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७७।१।१४ सम्म बढाइएको तथा उक्त सूचनाको ठेक्का नं. २२ देखि २५ सम्म आ.व. २०७६।७७ हुनु पर्नेमा अन्यथा भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**चिशंखुगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सेर्ना, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०७६।१२।२७ गते)

यस चिशंखुगढी गाउँपालिकाको कार्यालय सेर्ना, ओखलढुंगाको मिति २०७६/११/०७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार CRM/NCB/04/076/77 (Construction of Seminar Hall and Office facility) ठेक्काको (वोलपत्र) लागि नियममानुसार रीत पूर्वक Hard copy र E-bidding मार्फत पेश हुन आएका ५ (पाँच) वटा वोलपत्रहरुको मूल्यांकन समितिद्वारा मूल्यांकन गर्दा Seasonal Engineering and Construction Consultancy (P).Ltd., Kathmandu को तर्फबाट पेश हुन आएको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भएकाले सर्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको वोलपत्रदाताको नाम | कवोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/NCB/04/076/77 | Construction of Seminar Hall and Office Facility | Seasonal Engineering and Construction Consultancy Pvt. Ltd. Kathmandu | रु. ९३,६१,१४२।७१९अक्षरेपी त्रियानब्बे लाख एकसट्ठी हजार एक सय बयालिस रुपैया एकहत्तर पैसा मात्र) |

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

# दशरथ रंगशालाको मैदान मर्मत शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

कोरोना भाइरसको महामारीका कारण स्थगित भएको त्रिपुरेश्वर स्थित दशरथ रंगशालाको मैदान मर्मत भने शुरु भएको छ । मुलुक लकडाउनका कारण पूर्वाधार निर्माण ठप्प भएका बेला अखिल नेपाल फुटबल संघ एन्फाले भने बुधबारदेखि रंगशालाको मैदान मर्मत शुरु गरेको हो ।

अहिले मैदानमा घास काट्ने, सम्याउने, पानी हाल्ने जस्ता काम शुरु गरेको एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले जानकारी दिए ।

लामो समय मैदानमा पानी नहाल्दा घाँस मर्ने भएको कारण रंगाशालाकै कर्मचारीले बुधबारबाट घाँस काट्ने र पानी हाल्ने काम सुरु गरेको एन्फाका अध्यक्ष शेर्पाले बताए । 'लामो समय मैदानमा पानी नहाल्दा घाँस मर्ने र लामो हुन्छ। मैदानको छेउको भागको घाँस मरिसकेको छ। फेरी घाँस बिग्रियो र मर्यो भने लाखौं खर्च गरेर नयाँ रोप्नु पर्छ,' उनले भने ।



'रंगाशालाकै कर्मचारीले मैदानको घाँस जोगाउन पानी हाल्ने र सम्याउने काम गरेका हुन् ।' शहीद स्मारक 'ए' डिभिजन लिगपछि रंगशालामा कुनै खेलकुद गतिविधि भएको छैन । यस्तै चैतमा तय भएको विश्वकप छनोट अन्तर्गतको नेपालको होम खेल समेत कोरोनाको कारण स्थगित भएको थियो । कोरोनाको कारण नेपालमा समेत खेलकुद गतिविधि अर्को सूचना नआएसम्मको लागि स्थगित गरिएको छ। विश्वकप छनोटमा अब नेपालले अष्ट्रेलिया, जोर्डन र चाइनिज ताइपेसँगको होम खेल खेल्न बाँकी रहेको छ। तीन वटै खेल रंगाशालामा हुनेछ ।

# राष्ट्रसंघद्वारा शान्तिसेना परिचालन स्थगित



**न्यूयोर्क, एजेन्सी**-कोरोनाभाइरस महामारीलाई दृष्टिगत गरी संयुक्त राष्ट्रसंघले शान्ति सैनिक परिचालन र अदलीबदलीका सबै कार्यक्रम आगामी जुन ३० तारिखसम्मका लागि स्थगित गरेको छ । राष्ट्रसंघका अनुसार विश्वका विभिन्न भागमा तैनाथ शान्ति सैनिक, सैन्य अधिकृत तथा प्रहरी अधिकारीहरुको परिचालन पनि स्थगित भएको छ ।

राष्ट्रसंघीय महासचिवका प्रवक्ता स्टेफान डुजारिकले भने, 'हाम्रो अहिलेको सर्वोच्च प्राथमिकता नै विश्वका सबै संकटपूर्ण ठाउँमा खटाइने बर्दीधारी सैनिकहरुमा कोविड-१९ नभएको सुनिश्चित गर्नु रहेको हुन्छ ।' उनले केही विशिष्ट अवस्थामा यस व्यवस्थामा सामान्य फेरबदल हुन सक्ने स्पष्ट गरे ।

राष्ट्रसंघको उक्त निर्णयका बारेमा शान्ति सैनिक र प्रहरी पठाइरहेका सबै मुलुकलाई जानकारी गराइएको पनि उनले बताए । तर राष्ट्रसंघका अन्य निकायहरु जस्तै राष्ट्रसंघीय बालकोष (युनिसेफ), विश्व खाद्य कार्यक्रम र शरणार्थीसम्बन्धी उच्चस्तरीय आयोग (युएनएचसीआर) का कार्यक्रमहरु द्वन्द्वग्रस्त मुलुकहरुमा यथावत रहेको राष्ट्रसंघले जनाएको छ । प्रवक्ता डुजारिकले युनिसेफ र विश्व खाद्य कार्यक्रमले जोर्डान सरकारसँग मिलेर शरणार्थीहरुलाई मद्दत गरिरहेको, खाद्य सहयोग तथा अरु कार्यक्रमलाई निरन्तरता दिएको बताए ।

डुजारिकका अनुसार युएनएचसिआरले पूर्वी अफ्रिकामा रहेका शरणार्थीको ठूलो हिस्सामा कोविड-१९ को संक्रमण रोक्न, उपचार गर्न र प्रसारलाई नियन्त्रणमा राख्न काम गरिरहेको छ। यसैबीच, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रकाशन गरेको नयाँ प्रतिवेदनले कोरोनाभाइरसको महामारीका कारण विश्वभर स्वास्थ्यकर्मीको सुरक्षामा खतरा उत्पन्न भएको र यसबाट खासगरी अग्रमोर्चामा काम गर्नुपर्ने नर्सहरु रहेको जनाएको छ ।

डब्लुएचओका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेसुसले 'विश्वका नर्सहरुको स्थिति प्रतिवेदन २०२०' सार्वजनिक गर्दै नर्सहरु कुनै पनि स्वास्थ्य प्रणालीका मेरुदण्ड रहेको बताए । 'विश्वभर हाल २ करोड ८० लाख नर्सहरु कार्यरत छन् जबकी विश्वमा अहिले ५९ लाख नर्सको कमी छ। नर्सको कमी सबैभन्दा बढी अफ्रिका, दक्षिणपूर्व एसिया, पूर्वी भूमध्यसागरीय क्षेत्र र दक्षिण अमेरिकामा छ ।'

विश्व स्वास्थ्य दिवसका अवसरमा सन्देश दिँदै राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसले मानव स्वास्थ्यका लागि विश्वभरका सबै स्वास्थ्यकर्मीले दिनरात केही नभनी कोरोना महामारी विरुद्ध संघर्ष गरिरहेकामा त्यसको उच्च प्रशंसा गर्दछु भनेका छन् ।

# भोट किनेको आरोपमा कतारको आपत्ति

**काठमाडौं, एजेन्सी**- विश्वकप आयोजक बन्नका लागि भोट किनेको अमेरीकी अनुशन्धानकर्ताको आरोपमा कतारले पहिलो पटक प्रतिक्रिया दिएको छ । उसले अमेरीकी अनुशन्धानकर्ताले लगाएको आरोप झुटो भएको बताएको छ ।




कतार विश्वकप आयोजकले २०२२ को फुटबलको महाकुम्भलाई आयोजना गर्नका लागि कोहिबाट पनि भोट नकिनेको बताएको छ । पछिल्लो पटक अमेरीकी अनुशन्धानकर्ताले २०१० मा भएको आयोजकको निर्णयमा मोटो रकममा भोट खरिद गरिएको र त्यसमा फिफाका पूर्व कार्यसमितिका पदाधिकारी सबै मुछिएको खुलासा गरेका थिए ।

त्यसमा कतार विश्वकप आयोजकले पहिलो पटक प्रतिक्रिया दिएका हुन । उनीहरुले आफुहरुले आयोजनाको जिम्मा पाएदेखि नै गलत आरोप लाग्दै आएको र समय समयमा गलत पनि भएको बताएका छन् । उनीहरुले फिफाको नियम भन्दा बाहिर गएर कुनै काम नगरेको पनि बताएका छन् । इंग्ल्याण्डलाई पछि पार्दै कतारले २०२२ को फिफा विश्वकपको आयोजनाको जिम्मा पाएको थियो ।

यस्तै फिफाले पनि अमेरीकी अनुशन्धानकर्तालाई यो विषयमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने बताए ।

# सान्चेजले म्यानचेस्टर युनाइटेड नछाड्ने

**काठमाडौं, एजेन्सी**- म्यानचेस्टर युनाइटेडका स्ट्राइकर एलेक्सिस सान्चेजले रकम घटाएर क्लव नछोड्ने बताएका छन् । इएसपीएनका अनुसार सान्चेजले युनाइटेड छोड्नका लागि आफ्नो रकम नघटाउने बरु क्लवमै बस्ने बताएका हुन् ।

हाल इन्टर मिलानमा लोनमा रहेको सान्चेजलाई युनाइटेडले घाटा खाएर भएपनि अर्को सिजनमा विक्रि गर्ने बताएको थियो । तर त्यसमा प्रतिक्रिया दिदै सान्चेजले यस्तो बताएका हुन् ।

३१ बर्षे सान्चेजले इन्टर मिलानमा बस्न आफु तयार रहेको बताएका छन् । तर इन्टरले सान्चेजमाथि पुर्ण रुपमा विश्वास गर्न सकेको छैन् । उनी लोनमा इन्टरमा रहँदा खासै राम्रो प्रदर्शन गर्न सकेका छैनन् । म्यानचेस्टर युनाइटेडसँग सान्चेजको अझै दुई बर्षको सम्झौता बाँकी रहेको छ । उनले युनाइटेडबाट साताको पाँच लाख पाउण्ड तलव पाउछन् । लोनबाट फर्किएपछि सान्चेजलाई महंगो रकममा तलव दिएर क्लवमा राख्न सजिलो नहुने भन्दै युनाइटडले उनलाई बिक्रि गर्न खोजिरहेको हो ।

# रोनाल्डिन्हो जेल मुक्त

**काठमाडौं, एजेन्सी**- ब्राजिल तथा स्पेनिस क्लब बार्सिलोनाका लेजेन्ड फरवार्ड रोनाल्डिन्हो जेलबाट रिहा भएका छन् । नक्कली पासपोर्ट बोकेर अर्को देशमा प्रवेश गर्ने प्रयास गरेको आरोपमा रोनाल्डिन्होसँगै उनका दाई रोबर्टोलाई एक महिनाअघि पाराग्वेको एक होटलबाट पक्राउ गरिएको थियो । त्यसपछि उनीहरुलाई ६ महिनाको जेल सजाय सुनाइएको थियो । तर, उनीहरुलाई ३२ दिनपछि नै रिहा गरिएको हो ।

न्यायाधीस गुस्तावो अमरिल्लाले मुद्धाको फैसला नभएसम्म उनीहरुलाई एक होटेलमा बस्न सक्ने गरी जेलबाट रिहा गरिएको बताएका छन् । तारेखमा छुट्नको लागि १.६ मिलियन डलर तिर्न नसकेपछि उनीहरु जेलमा रहन बाध्य रहेका थिए । उनका वकिल एडोल्फो मारिनले पुर्व खेलाडी रोनाल्डिन्होलाई झुटा कागजातको विषयमा केही थाहा नभएको र उनको सोझोपनलाई अदालतले बुझ्न नसकेको बताएका थिए । उनका वकिलहरुले एक पूर्व फुटबलरको रुपमा आफ्नो उच्च प्रोफाइलका कारण उनीहरुलाई जेलबाट जोगाउनु पर्छ भन्ने तर्क गरेको थियो ।

कानुन टोलीले उनको नजरबन्द मनोमानी, अपमानजनक र गैरकानुनी रहेको भन्दै बहस गरेका थिए । जेलमा रहँदा उनले त्यहाँ साथीहरुसँग खेल्दै आफ्नो टोलीलाई जिताएका थिए । उनले आफ्नो जन्मदिन पनि जेलमै बिताउनु परेको थियो ।

४० वर्षीय रोनाल्डिन्होले २०१५ मा फुटबलबाट सन्यासको घोषणा गरेका थिए। उनले पछिल्लो पटक घरेलु क्लब फ्लुमिनेन्सबाट खेलेका थिए। फ्रेन्च क्लब पीएसजी र इटालियन क्लब एसी मिलानका पुर्व फरवार्ड समेत रहेका आफ्नो समयको उम्दा खेलाडी रोनाल्डिन्हो ब्राजिलले २००२ मा विश्वकप जित्दा टोलीका महत्वपुर्ण सदस्य थिए ।

उनले क्याटलान क्लब बार्सिलोनाबाट दुई ला लिगा र च्याम्पियन्स लिग जितेका थिए । उनले एक बालोन डि ओर र दुईपटक फिफा वल्ड प्लेयर अफ दि इयरको अवार्ड जितेका थिए ।


**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा**
**झापा जिल्ला, प्रदेश नं.१, नेपाल**

**COVID-19 सम्बन्धि सुरक्षण स्वास्थ्य सामग्री खरिद सम्बन्धि ३ (तीन) दिने खुल्ला लिखित प्रस्ताव आव्हानको सूचना**

**प्रकाशन मिति २०७६।१२।२७ गते**

बिश्वव्यापी रुपमा फैलिएको नोभल कोरना भाईरस(COVID-19)महामारीको रोकथाम तथा नियन्त्रणका लागि अति आवश्यक COVID-19 सम्बन्धि सुरक्षण स्वास्थ्य सामग्रीहरु तत्काल खरिद गरी प्रयोग नगर्दा सार्वजनिक हित तथा सामुदायिक स्वास्थ्यमा पर्न सक्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा व्यवस्था भएको बिशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धि व्यवस्थानुसार निम्न बमोजिमको स्वास्थ्य सामग्री खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन भित्र कार्यालय समयमा इच्छुक मान्यता प्राप्त स्वास्थ्य सामग्री बिक्री बितरण गर्ने फर्म/कम्पनि/सप्लार्यसले ईजाजत पत्र,मु.अ.कर दर्ता प्रमाण पत्र आ.व.२०७५।०७६को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी सामग्रीको गुणस्तर सहितको लिखित दररेट खुल्ला प्रस्ताव प्रस्तावदाता स्वयं वा प्रतिनिधि यस नगरकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना mechinagarmun@gmail.com मा पेश सार्वजनिक आव्हान गरिएको छ । प्रस्ताव पेश गर्न दिइएको समय सकिनासाथ पेश भएको प्रस्तावको मुल्य, गुणस्तर, परिमाण तथा ढुवानीको विषयमा प्रस्ताव माथि बार्ता गर्न प्रस्तावदाता कार्यालयमा उपस्थित हुनुपर्नेछ । हाल लकडाउनको समय भएकाले प्रस्ताव पेश गर्न तथा बार्ताका लागि यस कार्यालयसम्म आउन जान पास आवश्यक भएमा प्रस्तावदाता वा निजको परिचय खुल्ने कागजातसहित यस कार्यालयको उल्लेखित ईमेल ठेगानामा अनुरोध पत्र पठाउन सकिनेछ । उल्लेखित सूचना मेचीनगरपालिकाको वेबसाईट www.mechinagarmun.gov.np मा गई हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**निम्न**

| SN | Description /Specification | Unit | Qty |
|---|---|---|---|
| 1 | PPE Kit With includes :<br>Re-Usable gown autocable-1<br>Mask Disposable three Ply-1<br>KN95 Mask -1<br>Goggles -1<br>Gloves One -1 Pair<br>Dust box -1<br>Gomboot-1 pair<br>Shoes cover-1 | Set | 100 |
| 2 | PPE Kit with includes<br>Disposable gown autocable-1<br>Mask Disposable three ply-1<br>KN95 Mask-1<br>Goggles - 1N<br>Gloves One - 1 Pair<br>Dust box - 1<br>Gumboot-1` pair<br>Shoes Cover-1 | Set | 50 |
| 3 | Surgical Gloves | pair | 1000 |
| 4 | Mask KN 95 | pcs | 200 |
| 5 | Surgical Mask | pcs | 2000 |
| 6 | Sodium Chloride 5 Ltr | Ltr | 5 |
| 7 | Infrared Thermometer | pic | 15 |
| 8 | Digital Theromometer | pic | 30 |
| 9 | Hand Sanitizer 100ml | Bottle | 400 |

**द्रष्टव्य** : उल्लेखित सामाग्रीहरु मान्यता प्राप्त बायोमेडिकल ईन्जिनियरबाट WHO को Standard बमोजिम भएको भनि प्रमाणीकरण गरीगराई पेश गर्नुपर्नेछ ।

**मेचीनगर नगरकार्यपालिकाको कार्यालय,**
**ईटाभट्टा, झापा**
**सम्पर्क नं. : ९८५२०५६६०१, ९८५२६२९१११**



**INVITATION FOR SEALED QUOTATION**

**Chishankhugadhi Rural Municipality**
**Office of the Municipal Executive**
**Serna, Okhaldhunga**

**Invitation for Sealed quotation for procurement of Fabricated Steel Parts for Trail Bridge**

Contract Identification No: SQ/TB/CRM/2076/77/05
First Date of Publication: 9th April 2020(2076/12/27)

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Chishankhugadhi Rural Municipality for Trail Bridge Program and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Chishankhugadhi Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Fabricators who are not enlisted by DoLI may also apply.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chishankhugadhi Rural Municipality or **www.bolpatra.gov.np**
5. Bidding documents may be purchased from the office of Chishankhugadhi Rural Municipality, Serna, Okhaldhunga or www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee of NRs 1000.00 for bid documents as mentioned in the following table, till **23th April, 2020 (2077/01/11)** before **5:00 PM** from the first date of publication of this notice.
   ***Information to deposit the cost of bidding document in Bank:***
   ***Name of the Bank: Kumari Bank, Chisankhugadhi Branch, Okhaldhunga***
   ***Name of Office: Chisankhugadhi Rural Municipality***
   ***Rajaswa (Internal revenue) Shirshak Account no. : 0920048625400003***
6. Sealed bids must be submitted to the office of Chishankhugadhi Rural Municipality, Serna Okhaldhunga or through www.bolpatra.gov.np, on or before **12:00 noon** on **24th April, 2020 (2077/01/12).** Documents received after this deadline shall not be accepted.
7. Sealed bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **24th April 2020 (2077/01/12)** at the office of Chishankhugadhi Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit in following bank and account Number.
   ***Name of the Bank: Kumari Bank, Chisankhugadhi Branch,Okhaldhunga***
   ***Name of Office: Chisankhugadhi Rural Municipality***
   ***DharautiKhata no. : 0920048625400006***
   and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Chishankhugadhi Rural Municipality,Serna Okhaldhunga at **1:00 PM** on 1**5th April 2020 (2077/01/03).**
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs) (Non-Refundable) |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads (Kuwapani) of Belbote Suspended Bridge | 1292293.93 | 37000.00 | 1000.00 |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# वाणिज्य बैंकले घटाए निक्षेपको ब्याजदर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

डेढ बर्षअघि बैंकर्स संघले गरेको भद्र सहमतिको पुनरावलोकन वाणिज्य बैंकहरुले बुधबारदेखि कार्यान्वयन गरेका छन । सबै वाणिज्य बैंकहरुले बैंकहरुले बुधवारबाट निक्षेपको ब्याजदर घटाएका छन् । बैंकर्स संघको पहलमा सबै वाणिज्य बैंकहरुले निक्षेपको व्याजदर घटाएका हुन् । बैंकर्स संघले वाणिज्य बैंकहरुबीच यसका लागि डेढ बर्षअघि भद्र सहमतिको निर्णय गरेको थियो ।

बैंकहरुले मुद्दती, बचत र कल डिपोजिटको ब्याजदर एकदेखि डेढ प्रतिशतसम्मले घटाएका छन् । बैंकहरुले एक वर्षे व्यक्तिगत मुद्दतीको व्याजदर एक प्रतिशत विन्दुले झारेर ८ दशमलव ७५ प्रतिशत कायम गरेका छन् । त्यस्तै संस्थागत निक्षेपकर्ताको ब्याज दर डेढ प्रतिशत विन्दुले घटाएका छन् । अब बैंकले संस्थागतलाई ८ प्रतिशत ब्याज दिनेछन् । बैंकहरुले साढे ६ प्रतिशतसम्म दिँदै आएको बचतको ब्याज दर ५ दशमलव ५ प्रतिशतमा झारेका छन् ।

कोरोना भाइरस संक्रमणका कारण कर्जा प्रवाहमा कमी आउन थालेपछि बैंकहरुले यस्तो निर्णय गरेका हुन् । साथै, वित्तीय प्रणालीलाई संकटबाट जोगाउन पनि यसले सहयोग पुग्ने बैंकर हरुले जनाएका छन । संघले वैशाख १ गतेबाट आधार दर घटाउने निर्णय गरेको छ । आधार दरमा केही प्रतिशतले प्रिमियम थप गर्दै बैंकहरुले ऋण प्रवाह गर्ने छन भने आधार दर घटेसँगै कर्जाको ब्याजदर पनि घट्ने छ । बैंकहरुले आधार दर कम गराउने हुँदा ब्याजदर पनि स्वतः तल झर्ने छ । अब व्यक्तिगत मुद्दती संस्थागत मुद्दती र बचतको ब्याज दर घट्ने नेपाल बैंकर्स संघले जनाएको छ । बैंकहरुले व्यक्तिगत मुद्दतिको ब्याजदर धेरैमा ८ दशमलव ७ पाँच प्रतिशतमा झार्ने जनाइएको छ । त्यसैगरी, संस्थागतको ८ दशमलव ५ प्रतिशत हुने छ । त्यस्तै बचतको ब्याज ५ दशमलव ५ प्रतिशतमा झार्ने सहमति भएको संघले जनाएको छ । कोरोना भाइरस संक्रमणका कारण कर्जा प्रवाहमा कमी आउन थालेपछि बैंकहरुले यस्तो निर्णय गरेका हुन् । साथै, वित्तीय प्रणालीलाई संकटबाट जोगाउन पनि यसले सहयोग पुग्ने बैंकरहरुको मत छ । नेपाल बैंकर्स संघले वैशाख १ गतेबाट आधार दर घटाउने निर्णय गरेको छ ।

आधार दरमा केही प्रतिशतले प्रिमियम थप गर्दै बैंकहरुले ऋण प्रवाह गर्ने छन भने आधार दर घटेसँगै कर्जाको ब्याजदर पनि घट्ने छ । बैंकहरुले आधार दर कम गराउने हुँदा ब्याजदर पनि स्वतः तल झर्ने छ । अब व्यक्तिगत मुद्दति, संस्थागत मुद्दति र बचतको ब्याज दर घट्ने नेपाल बैंकर्स संघले जनाएको छ । बैंकहरुले व्यक्तिगत मुद्दतिको ब्याजदर धेरैमा ८ दशमलव ७ पाँच प्रतिशतमा झार्ने जनाइएको छ । त्यसैगरी, संस्थागतको ८ दशमलव ५ प्रतिशत हुने छ । त्यस्तै बचतको ब्याज ५ दशमलव ५ प्रतिशतमा झार्ने सहमति भएको संघले जानकारी गराएको छ ।

# ३ लाख ९० हजारले पाए पुनर्बीमा कम्पनीको शेयर



**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

नेपाल पुनर्बीमा कम्पनीको सेयर बाँडफाँड गरेको छ । कम्पनीले सर्वसाधारणको लागि जारी गरेको साधारण सेयर(आइपीओ) बाँडफाँड बुधबार गरेको हो । कम्पनीले कुल १ अर्ब ६० करोड रुपैयाँको आइपीओ निष्कासन गरेको थियो । जसमा ३ लाख ९० हजार ६३८ जना आवेदकले सेयर पाएका छन् । कम्पनीका अनुसार उक्त आईपीओमा ४० कित्तासम्म आवेदन दिएका सबैले माग अनुसार नै सेयर पाएका छन् । तर ५० कित्ताभन्दा बढी आइपीओ भर्नेहरुले न्यूनतम ४० कित्ता र गोलाप्रथाबाट थप १० कित्ता गरी ५० कित्तासम्म पाएको कम्पनीले जानकारी दिएको छ । कम्पनीका अनुसार ७७ हजार २४५ जनाले ५० कित्ता सेयर पाएका छन् । पुर्नबीमा कम्पनीको आईपीओमा ३ लाख १३ हजार ६४८ जनाले ५० कित्तादेखि १० हजार कित्तासम्म आवेदन दिएका थिए । जसमध्ये ७७ हजार २४५ले गोलाप्रथाद्धारा ५० कित्ता सेयर पाएका छन् । यसैगरी ४० कित्ताको लागि २० हजार ९२९ जनाको आवेदन परेको थियो भने उनीहरुले माग अनुरुप सेयर पाएको कम्पनीले जानकारी दिएको छ । यस्तै ३० कित्ताको लागि १२ हजार ७२३ जनाले आवेदन दिँदा २० कित्ताको लागि १५ हजार ५९० जना र २७ हजार ७४८ जनाले १० कित्ता सेयरको लागि मात्र आवेदन दिएका थिए । आवेदन दिएकामध्ये ९१८ जना आवेदकको आवेदन रद्द भएको छ ।

# विपन्न परिवारका लागि सहकारीद्वारा एक करोड ५० लाख सहयोग

**काठमाडौं/मस-**झापामा सञ्चालित विभिन्न सहकारीले सामाजिक उत्तरदायित्वअन्तर्गत विपन्न परिवारका लागि राहत सामग्री प्रदान गर्न रु एक करोड ५० लाख सहयोग गरेका छन् । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण फैलन नदिन दुई साता अघिदेखि मुलुक लकडाउन भएसँगै विपन्न परिवारलाई खाना खान समस्या भएको भन्दै स्थानीय तहसँग समन्वय गर्दै सहकारीले राहत सामग्री खरिदका लागि आर्थिक सहयोग गरेका हुन् । जिल्ला सहकारी सङ्घ झापाका अध्यक्ष गणेश ढकालका अनुसार सहारा नेपाल सहकारी संस्था लिमिटेड बिर्तामोडले मात्रै रु ५० लाखको सहयोग गरेको छ ।

प्रदेश नं. १ सरकार, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समन्वय समितिसँगको सहकार्यमा आइसोलेशन, क्वारेन्टाइमा बसेका र विपन्न परिवारको खाद्यन्न तथा सुरक्षाकर्मी र स्वास्थ्यकर्मीका लागि पीपीई खरिद सहयोगका लागि रु ५० लाखको राहत कोष खडा गरिएको हो । सहकारीका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीका अनुसार सहकारीले सहारा कर्मचारी मानवीय सहायता कोष' बाट विपद्मा परेकालाई सहयोग गर्न रु ५० लाखको कोष खडा गरेको र सोही कोषबाट सहयोग गरिएको हो ।

त्यस्तै नेपाल बहुउद्देश्यीय सहकारी संस्था मेचीनगरले रु १७ लाख, बिर्तामोडमा रहेका कर्णाली, सिम्रिक सहकारी संस्थाले रु आठ/आठ लाख र हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाले रु पाँच लाख नौ हजार, पूर्वी नेपाल सहकारी संस्थाले रु चार लाख तथा मेची सहकारी संस्थाले रु दुई लाख तीन हजार राहत कोषका लागि सहयोग गरेको जिल्ला सहकारी सङ्घका अध्यक्ष ढकालले बताए ।

कतिपय सहकारी संस्थाले सोझै खाद्यान्न सहयोग गरेका छन् । स्थानीय तहसँग समन्वय गर्दै झापाका १५ वटै स्थानीय तहमा सहयोग गर्ने दुई दर्जनभन्दा बढी सहकारी छन् अध्यक्ष ढकालले भने, " अहिलेसम्मको तथ्याङ्कमा विपन्न परिवारका लागि खाद्यान्न सहयोग गर्न झापाका सहकारीले रु एक करोड ५० लाख सहयोग गरेका हुन् । रु एक लाख र रु ५० हजार सहयोग गर्ने धेरै सहकारी छन् ।"

# कोरोना रोकथाम कोषमा करिब दुई अर्ब जम्मा

**काठमाडौं/मस-** सरकारले कोरोना भाइरसको सङ्क्रमण स्थापना गरेको कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा उपचार कोषमा आजसम्म करिब रु दुई अर्ब सङ्कलन भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता राजेन्द्र पौडेलका अनुसार मङ्गलबारसम्म रु एक अर्ब ८५ करोड ५८ लाख ३४ हजार ४७ कोषमा जम्मा भएको छ ।

उनका अनुसार मङ्गलबार मात्र रु एक करोड ८० लाख ५३ हजार ४२७ कोषमा जम्मा भएको छ । नेपाल लाइफ इन्स्योरेन्सले रु एक करोड, लाइफ इन्स्योरेन्सले रु ५१ लाख, राष्ट्रिय परीक्षा बोर्डले रु ६ लाख ३५ हजार ४४०, बुडिनन्द नगरपालिकाले रु दुई लाख ७० हजार ५६५, राजपुर नगरपालिका दाङले रु दुई लाख ६२ हजार ९९४, नेपाल लेखापढी कानून व्यवसायीले रु दुई लाख, जिल्ला प्रशासन कार्यालय धनुषाबाट रु एक लाख ५७ हजार ३८, जनक नन्दिनी गाउँपालिका धनुषाबाट रु एक लाख ४६ हजार ३१६ र जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट रु एक लाख १९ हजार ४९८ सहयोग प्राप्त भएको छ ।

यसैगरी कोषमा नाम नामेसी नखुलेका तथा रु एक लाखभन्दा कम सहयोग गर्ने विभिन्न व्यक्ति/संस्थाबाट रु ११ लाख ६९ हजार ५७५ सङ्कलन भएको छ । कोषमा गत सोमबारसम्म रु एक अर्ब ८३ करोड ७७ लाख ८० हजार ६२० सङ्कलन भएको थियो । सरकारले कोरोना भाइरसको रोकथामका लागि कोषमा रकम जम्मा गर्न आह्वान गरेपछि कोषमा रकम जम्मा हुने क्रम बढेको हो ।

# उद्योग वाणिज्य महासंघको सहयोग

**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासङ्घले आफ्ना देशैभरका जिल्ला नगर उद्योग वाणिज्य सङ्घमार्फत स्थानीय स्तरमा गरिने सहयोगका लागि प्रत्येकलाई पाँच/पाँच हजार रूपैयाँका दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ .

महासङ्घका अध्यक्ष भवानी राणाको अध्यक्षतामा बसेको पदाधिकारी बैठकले देशभर रहेका एक सयभन्दा बढी जिल्ला नगर उद्योग वाणिज्य सङ्घलाई प्रत्येकलाई पाँच/पाँच हजारका दरले सो रकम उपलब्ध गराउने निर्णय गरेको हो । देशका जिल्ला तथा नगर सङ्घमार्फत स्थानीय स्तरमा खाद्यान्न, मास्कलगायतको सहयोग उपलब्ध गराउन थोरै भए पनि सहयोग पुगोस् भनेर रकम पठाउने निर्णय गरेको हो ।

यसैगरी महासङ्घले नेपाल सरकारले स्थापना गरेको कोरोना राहत कोषमा ५ लाख रुपैयाँ सहयोग गरेको छ । नेपाल सरकारद्वारा स्थापित सो कोषमा उक्त रकमको चेक हस्तान्तरण गरेको महासङ्घले जनाएको छ । महासङ्घले उक्त रकमका अतिरिक्त केही खाद्यान्नलगायतका सामग्रीहरू पनि सहयोग गरेको थियो ।

# एनआईसी एशियाका ग्राहकले ५० बढी देशबाट रकम संकलन गर्न सक्ने




**काठमाडौं/मस–**वर्ल्ड रेमिट र अर्विट रेमिट मार्फत विश्वका विभिन्न ५० भन्दा बढी देशहरूमा रहेका नेपालीहरूले अब बिना कुनै झन्झट घरमै बसेर एनआईसी एशिया बैंक तथा नेपालका अन्य जुनसुकै बैंक खातामा अनलाइन रकम जम्मा गर्न सक्ने भएको छ ।

विश्वभरी नै महामारीको रूपमा फैलिएको कोरोना भाइरसबाट कैयौं सहरहरू लकडाउनको अवस्थामा छन् र यस्तो अवस्थामा एन आई सी एशिया बैंकल वल्ड रेमिट र अर्विट रेमिटसँग सहकार्य गर्दै घरमै बसी स्वदेशमा रहनुभएका परिवार तथा आफन्तजनलाई रकम पठाउन मिल्ने व्यवस्था गरेको छ ।

कोरोनासँगको लडाईमा सरकारलाई साथ दिन एन आई सी एशिया बैंकले विदेशमा रहेका परिवारका सदस्य तथा आफन्तहरूले पठाएको रकम नेपालमा रहेका जुनसुकै बैंक खातामा जम्मा गर्न मिल्ने सुविधा ल्याएको हो ।

जसबाट ग्राहकरूले लकडाउनको समयमा घरबाट बाहिन नगई रेमिट्यान्स सुरक्षित गर्न सक्ने छ । यस योजनाले विदेशमा रहेका नेपालीहरूले रकम पठाउन रेमिट्यान्सको शाखासम्म पुग्ने समयको बचतसँगै आफ्ना परिवारजन तथा आफन्तहरूलाई तुरून्त रकम पठाउन सक्नेछ । यसले गर्दा विदेशमा रहनुभएका नेपाली नागरिकहरूलाई लकडाउनको समयमा पनि आफ्ना परिवारजन तथा आफन्तहरूलाई रकम पठाउन सहज हुने बैंकले जनाएको छ ।

# सबै प्रदेशलाई मेगा बैंकको सहयोग




**काठमाडौं/मस-**मेगा बैंक नेपालले कोरोना भाइरस रोकथामका लागि नेपालका ७ वटै प्रदेशलाई ५-५ लाख रुपैंया हस्तान्तरण गरेको छ । ६ वटै प्रदेशमा रकम हस्तान्तरण गरिसकेको मेगा बैंकले पछिल्लोपटक प्रदेश नम्बर ५ लाई सहयोग हस्तान्तरण गरेको छ । मेगा बैंकको बुटवलस्थित चौरहा चोक शाखाका प्रबन्धक दीपक न्यौपानेले प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेललाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरे ।

मेगा बैंक संचालक समितिले गरेको निर्णय अनुसार, मेगा बैंकले कोरोना रोग रोकथाम नियन्त्रणका लागि सातैवटा प्रदेशलाई ५-५ लाख गरी ३५ लाख रुपैंया सहयोग गरेको हो । यसैगरी, केन्द्रीय सरकारले स्थापना गरेको कोषमा मेगा बैंकले १ करोड रुपैयाँ सहयोग गरेको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**